नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं आश्विन १८ गते २०११ साल [संख्या ९

भाग १

कानूनमन्त्रालयको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको देहायबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

२०११ सालको ऐन नं. १

वस्तुनियन्त्रण अल्पकालीन अधिकार ऐन २०११

वर्तमान संकटकालीन अवस्थामा समाजको निमित्त नभैनहुने दैनिक चलन व्यवहार र आहारको लागी चाहिने खाद्यान्न माल सामानको सप्लाई, वितरण, विक्री र व्यापारमा सरकारद्वारा कडा नियन्त्रण गर्न अत्यावश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार देहायको ऐन बनाई जारी गरिबक्सेको छः —

(२१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

संक्षिप्त नाम र विस्तार

१ (१) यो ऐनको नाम– 'वस्तुनियन्त्रण अल्पकालीन अधिकार ऐन २०११' भन्ने रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ।

आरम्भ र अवधि

२. (१) सरकारबाट नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा तोकिएको ठाउँ इलाकामा तोकिएका मिति-देखि यो ऐन लागू हुनेछ।

(२) यो ऐनबमोजिम काम कारवाई भैसकेको र गर्नुपर्ने काम नगरेकोमा बाहेक २०११ साल फाल्गुन मसान्तदेखि यो ऐन लागू रहनेछैन।

परिभाषा

३. यस ऐनमा सूचित आदेशको अर्थ नेपाल गजेटमा प्रकाशित भएका सरकारी आदेशलाई भनिन्छ।

आवश्यक पदार्थको सप्लाई वितरण इत्यादिलाई नियन्त्रण गर्ने अधिकार

४. (१) समाजको निमित्त कुनै पदार्थको सप्लाई बढाउन कायम राख्नको लागी अथवा सो पदार्थको समान वितरण र सुफत मोलमा प्राप्त गराउन सरकारले आवश्यक वा उचित देखेमा सूचित आदेशद्वारा सप्लाई, वितरण व्यापार र वाणिज्यको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा १ ले दिएको अख्तियारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नापारी सोबमोजिम भरिएको आदेशले देहायबमोजिमको व्यवस्था गर्न सक्दछ।

(क) यस्तो कुनै पदार्थको बेच्ने वा खरिद गर्ने मोल नियन्त्रण गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ख) यस्तो कुनै पदार्थको सञ्चय, वितरण, परिवहन (ट्रान्सपोर्ट) आर्जन, बिक्री, व्यवहार वा उपभोगलाई लाइसेन्स पर्मिट वा अरू किसिमबाट नियन्त्रण गर्ने ।

(ग) साधारण तौरले बिक्रीको निमित्त रहेको पदार्थलाई बिक्री गर्दिन भनी अड्नेलाई सो गर्न नदिने ।

(घ) जनहितको ख्याल नराखी यस्तो पदार्थको सञ्चय गरी राख्ने व्यक्तिलाई आदेशमा तोकिएबमोजिम सम्पूर्ण सञ्चय अथवा तोकिएको भाग तोकिएको व्यक्ति वा वर्गलाई तोकिएको भाउमा तोकिएको अवस्थामा बिक्री गर्न बाध्य गराउने ।

(ङ) यस प्रकारका कुनै पनि पदार्थसम्बन्धी कुनै किसिमका व्यापारीक वा आर्थिक कारोबार नियमित गर्ने र निषेध गर्ने ।

(च) माथि उल्लेख भएका कुराहरूमध्ये जुनसुकै-लाई नियमित वा निषेध गर्ने अभिप्रायले समाचार या तथ्याङ्क सङ्कलन गर्ने ।

(छ) यस प्रकारका कुनै पनि पदार्थहरूका सप्लाई वा वितरणका काम गर्ने मानिसहरू वा यस्तो पदार्थको बन्दव्यापार गर्ने मानिसहरूलाई आफ्नो व्यवसायसम्बन्धी रेकर्डहरू, वही खाताहरू र किताबहरू तयारी राख्न र यस किसिमका किताबहरू जाँच पडतालका निमित्त पेश गर्न वा त्यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

विषयमा आदेश भएबमोजिम खबर . दिन फिकाउने ।

(ज) कुनै प्रासङ्गिक र पूरक कुराहरूको निमित्त खास गरी घर, गाडी, डुंगा, हवाइजहाजहरूमा खानतलासी गर्ने; सो गर्दा देखिए भेटिएका कुनै वस्तु जसका सम्बन्धमा आदेश मिचिएको, मिचिन लागेको, मिचिने भएको छ भन्ने सो खान तलासी गर्ने मानिसको मनमा पूर्ण विश्वास छ भने सो वस्तु जफत गर्ने; लाइसेन्स पर्मिट वा अरु कागज पत्र दिने, जारी गर्ने र सो बारेको दस्तुर लिने ।

अख्तियार सुम्पने बारे

५. निर्देशमा तोकिएको विषयमा तोकिएका कुनै शर्तमुताबिक सोही निर्देशमा तोकिएका कुनै अफिसर वा अधिकारीद्वारा पनि दफा ४ अन्तर्गत आदेश गर्ने अख्तियार प्रयोग हुन सक्छ भनी सूचित आदेशद्वारा सरकारले निर्देश गर्न सक्छ ।

बरु ऐनसँग आदेश बाझिएमा त्यसको परिणाम

६. दफा ४ अन्तर्गत गरिएको कुनै आदेश यस ऐनबाहेक अरु कुनै ऐनमा भएको कुनै कुरासँग बाझिए तापनि सो आदेश लागू हुनेछ ।

दण्ड सजाय

७. (१) दफा ४ अन्तर्गत गरिएको कुनै आदेशको कसैले बर्खिलाप गरेमा निजलाई ३ वर्षसम्मको कैद वा सो बर्खिलाप काममा परेको सम्पत्तिको मोलसम्मको जरिवाना वा दुवै कुराको सजाय हुन सक्छ । आदेशमा लेखिएको भए सो बर्खिलाप काबको मुद्दा हेर्ने कुनै अदालतलाई आदेशको बर्खिलाप भएको छ भन्ने लागेमा त्यसमा पर्ने सम्पत्ति जफत भई सरकार लाग्छ भनी निर्देश गर्न सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(क) खाद्यान्नसम्बन्धीमा र (ख) आदेशमा किटानीसाथ जफत हुने भनी लेखिएका कलममा अदालतले जफत गर्ने अडर दिनैपर्छ। जफत गर्न नपर्ने ठहराएमा कारण खोली पर्चा लेखी मिसिल सामेल राख्नुपर्छ।

उद्योग र व्यापारमा ८ दफा ४ बमोजिम गरिएको आदेशको उल्लंघन गर्ने प्रयास गरेमा या सो गर भनी अरूलाई सुझाएमा सो अडर उल्लंघन गरेको ठहरिनेछ।

झुठा बयान

९. (१) यदि कसैलाई दफा ४ बमोजिम कुनै कुराको बयान या खबर गर्ने आदेश भएमा जानी जानी या जान्न पर्ने मनासीबमाफिकको कारण छँदाछँदै या साँचो हो भन्ने नठान्दा नठान्दै पनि झुट्टा कुराको बयान बकपत्र गर्छ वा खबर दिन्छ भने वा,

(२) सो अडरबमोजिम राख्नुपर्ने कुनै बही, हिसाबको कागज, खाता, खेस्ताका तमसुक, कबूलियत, हिसाब अथवा अरू कागजात राख्दा माथि लेखिएबमोजिमको झुट या फरेब गरेको देखिए बात लाग्छ। त्यस्तालाई रु. ५००० सम्म दण्ड, तीन वर्षसम्म कैद या दुबै सजाय हुनेछ।

मुद्दा डाबर हुने अपराध

१०. कुनै सरकारी कर्मचारीले दिएको वस्तो अपराधकारको लिखित रिपोर्टको आधारमा बाहेक कुनै अदालतले यस ऐनबमोजिम कारवाई गर्न सक्तैन।

लागू गर्न अधितयार

११. यस ऐनलाई वा यसअनुसार जारी गरिएका आदेशहरू लागू गर्नाका उद्देश्यले सरकारले कुनै अफिसरलाई देहायबमोजिमको अधितयार दिन सक्छ

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(क) कुनै घर, क्याम्पा, डुंगा गाडा वा हवाईजहाजको खान तलासी लिने

(ख) कुनै माल जसको सम्बन्धमा यस ऐनबर्खिलाप कसूर गरेको छ भन्ने मुनासीबमाफिकको कारण छ भन्ने सो अफिसरले ठहराएमा निजले सो माल पक्रने र दाखिल गर्ने गराउने ।

(ग) कुनै मानिसलाई जसले यस ऐन बर्खिलाप कसूर गरेको छ भन्ने मुनासीबमाफिकको कारण छ भन्ने सो अफिसरले ठहराएमा गिरफ्तार गर्ने ।

मुद्दा कारवाइ गर्नेबारे

१२. (१) दफा ४ अन्तर्गत गरिएका आदेश बर्खिलाप काम भएमा सरकारले सूचित आदेशद्वारा तोकेका अधिकारीका समक्ष सो मुद्दा डायर भई ठाडो कारवाई हुनेछ ।

(२) यस्तो अधिकारीले गरेको फैसला वा दिएको आदेश अन्तिम हुनेछ। तर सो फैसला र आदेश ऐन छाडी दिए गरेको रहेछ भने प्रधान न्यायालयले दोहऱ्याउन पाउनेछ ।

आदेशमा सवाल जवाफ गर्नु नपर्ने

१३. (१) यो ऐनबमोजिमको अधिकार प्रयोग गर्दा दिएको कुनै आदेशमा कुनै अदालतमा सवाल जवाफ गर्नुपर्दैन

(२) यस ऐनबमोजिम अधिकार प्रयोग गरी कुनै अधिकारीले आदेश दिई दस्तखत गरेको छ भने अदालतले सो आदेश त्यस अधिकारीले दिएको हो भनी मान्यता दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

यस ऐनबमोजिमको कामको बचाउ

१४. दफा ४ अन्तर्गत दिएको आदेशबमोजिम असल नियतले गरेको काम वा गर्न आँटेको कामको लागी कसैमाथि कुनै मुद्दा वा कानूनी कारवाई हुनेछैन ।

साविक ऐनसवाल सँग बाझिएमा गर्ने

१५. यस ऐनमा लेखिएकोमा यसै ऐनबमोजिम र यस ऐनमा नलेखिएकोमा साविक ऐन सवालबमोजिम हुनेछ ।

उद्देश्य र कारण

धेरै ठूलो वर्षात भएकोले पहिरो गई नदी खोला बढी घर, खेत, धन, जन र बाटो पुलको ज्यादै नोकसानी भएको र त्यसमध्ये पनि कुनै खास खास जिल्लामा बढी मात्रामा क्षति हुन गएको हुँदा त्यस्ता पीडित जनताको आहार व्यवहारको लागी र घर बस्ती बसाउन मरमत गर्न गराउनपर्ने आवश्यक भएको अवस्थाको मौका छोपी आवश्यक वस्तुहरू दवाई छपाई अन्यत्र लगी र देखाएकोमा पनि दर मोल बढाइदिएबाट दैवी प्रकोपमा परेका जनतामाथि अर्को झन् ठूलो मर्का पारी दिएको बुझिंदा स्वार्थी व्यक्तिहरूको स्वार्थ साधन हुन नपाओस् जनतालेमुना सीवमाफिकको दर भाउमा आवश्यक वस्तु पाउन् भन्ने हेतुले यो 'वस्तु नियन्त्रण अल्पकालीन अधिकार ऐन २०११' जारी गरिएको छ ।

सरकारले आवश्यक सम्झेको अवस्था र स्थानमा मात्र यो ऐन लागू गर्ने आदेश दिनेछ । परिस्थिति सुधेको बखतमा खारेज गर्नेछ ।

इति संवत २०११ साल भाद्र गते रोज शुभम्

सदर २०११।६।१०।१

आज्ञाले—

तिलकशमशेर थापा

सेक्रेटरी—कानूनमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म